राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारीता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयक

# दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

आ.व. २०८१/०८२

मिति : २०८२ साल बैशाख, २४ गते

**स्थान : राप्ती सोनारी गाउँपालिका वडा नं.०१ को सभाहल**




*सार्वजनिक सुनुवाई कार्यक्रममा आफ्नो भनाई तथा उठेका सवाल तथा प्रश्नको जवाफ राख्दै राप्ती सोनारी गाउँपालिका उपाध्यक्ष श्री मनीषा सिंह थारुज्यू*

**सहजीकरण :**
**उत्पीडित सामुदायिक विकास केन्द्र, बाँके**
**(OCDC,Banke)**
कोहलपुर ११, बाँके
फोन नं. : ०८१-५४०२७७
ईमेल :ocdcmidwest@gmail.com

**आयोजक :**
**राप्ती सोनारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
अगैया, बाँके
(लुम्बिनी प्रदेश),नेपाल

# राप्ती सोनारी गाउँपालिकाको

## दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रगति प्रतिवेदन

**१ पृष्ठभूमि : रा**ज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पदधारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । त्यसैगरी जवाफदेहि पदाकिारीहरुले गर्ने गतिविधीका वारेमा आम नागरिकहरुले गुण र दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ ,यो लोकतान्त्रिक मुलुकका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नोत्तर गर्ने सामुदायिक साझा मञ्चलाई **सार्वजनिक सुनुवाई** भनिन्छ । यसले स्थानीय नागरिकहरुमा स्थानिय सरकारमार्फत संचालन भएका विकास योजनाप्रति आमजनसमुदायको अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिता र जवाफदेहिताको अभ्यास गर्दछ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको **एकआपस टेलिभिजन** कार्यक्रमबाट सुरुवात भएको थियो । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाईको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई "**सर्वसाधारणको पहुँच, अधिकारमा बस्नेहरु सम्म"** पनि भन्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले मिति २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धी निर्देशिका नै बनाएर यस कार्यलाई संस्थागत गरेको पाईन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१) मा सार्वजनिक सुनुवाई गराउनु पर्ने, सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४/४ महिनामा कम्तीमा एउटा सुनुवाई गर्नुपर्ने,। यसै गरी यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा ४७ बमोजिम राप्ती सोनारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आफुले संचालन गरेका कृयाकलाप तथा प्रदान गर्ने सेवाहरु संचालनमा नागरिकप्रति जवाफदेही वनाउन नागरिकहरुको संलग्नता सहित गाउँपालिका र वडा कार्यालयले प्रवाह गर्ने सेवा तथा सुविधा सम्बन्धी नागरिकहरुका सवालहरुको पहिचान गरी आमनागरिकको माझमा स्थानीय सरकारका प्रतिनिधि सहितको साझा बहसको आवश्यकता महशुष भई **सार्वजनिक सुनुवाई कार्यक्रम** प्रस्तावित गरिएको छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले मिति २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धी निर्देशिका नै बनाएर यस कार्यलाई संस्थागत गरेको पाईन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१) मा सार्वजनिक सुनुवाई गराउनु पर्ने, सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४/४ महिनामा कम्तीमा एउटा सुनुवाई गर्नुपर्ने, यस गाउँपालिकाको "सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा ४७" र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा (५) मा भएको व्यवस्था अनुसार हरेक स्थानीय तहले सम्पादन गरेका काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन, सर्वसाधारण तथा सरोकारवालाहरुको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न र कार्यालयको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनकि सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने नीतिगत ब्यवस्था गरेको छ । सोहि कुरालाई मध्येनजर गर्दै उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) सहजीकरणमा राप्ती सोनारी गाउँपालीकाको आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक अवधिमा कार्यालयबाट प्रबाह गरिएको सेवा सुविधाको प्रभावकारिता र संचालन गरेका विकास निमार्ण कार्यको गुणस्तरीयताबारे राप्ती सोनारी गाउँपालिका वडा नम्बर ०१, कुसम स्थित वडा कार्यालयको सभाहलमा १०९ जना भन्दा बढी नागरिकहरुको सहभागीतामा मिति २०८२ साल बैशाख, २४ गतेका दिन दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

## २.कार्यक्रमका उद्देश्यहरु :

१. राप्ती सोनारी गाउँकार्यपालिका र सबै वडा कार्यालयले प्रदान गर्ने सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउने ।

२. गाउँपालिकाकाको काम कारबाही बारे पालिकाबासीहरुलाई जानकारी गराउने ।

३. राप्ती सोनारी गाउँपालिकासँग सम्बन्धित गुनासोहरु सुनुवाई गरी गुनासो व्यवस्थापनमा जोड दिने ।

४. राप्ती सोनारी गाउँपालिकाबाट प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारिताका बारेमा सरोकारवाला सर्वसाधारण नागरिकहरुबाट पृष्टपोषण लिने ।

५. सेवाग्राही नागरिकबाट आएका सुधारका सुझाव एवं गुनासोहरुको सुधारको कार्ययोजना निर्माण एवं सामुहिक प्रतिवद्धता तयार गर्ने ।

**३.सम्पन्न क्रियाकलापहरु/गतिविधिहरु :** राप्ती सोनारी दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०)को उपदाफा (१), सुशासन नियमावली, २०६५ को नियम १९, यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा ४७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७ को (५) बमोजिम प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दा तपसिलका क्रियाकलापहरु/गतिविधिहरु सम्पन्न गरिएको थियो ।

**३.१ ऐन, नियम, निर्देशिका र कार्यविधिहरुको अध्ययन :** स्थानीय सरकार संचालन ऐन, २०७४, सुशासन ऐन, २०६४ तथा नियमावली, २०६५ र यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा (४७) लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन गरिएको थियो । यसका साथै गाउँपालिका र वडा कार्यालयहरुले प्रवाह गर्ने वस्तु तथा सेवा सुविधाहरु के- कस्ता खालका छन् ? ति कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न गाउँपालिका र वडा कार्यालयहरुका लागि कस्ता कस्ता खालका ऐन, नियम, निर्देशिका, कार्यविधिहरु लागु भएका छन् । यिनीहरुको आधारमा रहेर गाउँपालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालयबाट प्रदान गरिएको सेवा सुविधा प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयताको बारेमा विस्तृत अध्ययन गरिएको थियो ।

**३.२ सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) :** गाउँपालिका, वडा कार्यालय तथा अन्य सेवा प्रदायक कार्यालयहरु : कृषि शाखा, पशु सेवा शाखा, स्वास्थ्य शाखा, शिक्षा शाखा, महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा आदिबाट सेवाग्राहीले सेवा सुविधा लिएर कार्यालयबाट बाहिर आए पछिको समयमा यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०८० को अनुसूची-२० बमोजिम उनिहरुले लिएको सेवा सुविधाको विषयमा ५० जना सेवाग्राहीको अभिमत, प्रतिक्रिया वा सुझाव संकलन गरिएको थियो ।

**३.३ नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) (Citizen Report Chart) :** यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०८० को अनुसूची-१९ बमोजिम सेवाग्राही नागरिकहरु तथा अन्य सरोकारवालाहरुले राप्ती सोनारी गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियताका सम्वन्धमा ५० जना सबै वडाका नागरिकहरुसँग नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) मार्फत अभिमत संकलन गरिएको थियो । जसबाट नागरिकले विभिन्न विषयमा प्रदान गरेको अभिमत, सुझाव र पृष्ठपोषणलाईलाई विश्लेषण गरी प्रमुख सवालहरुको रुपमा पहिचान गरिएको थियो ।

**३.४ सार्वजनिक सुनुवाईको कार्यक्रमको मिति, समय र स्थान निर्धारण :** राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेल, उपाध्यक्ष श्री मनीषा सिंह थारु र प्रमुख प्रशासकीय अधिकृत श्री दान बहादुर ऐडी र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) ,बाँकेका प्रतिनिधि विच छलफल पश्चात राप्ती सोनारी गाउँपालिकाको वडा नं.०१ कुसुममा रहेको वडा कार्यालयको प्राङ्गणमा मिति २०८२ साल बैशाख, २४ गतेका दिन दिउँसो २:०० बजे दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने गरी मिति, समय र स्थानको निर्धारण गरिएको थियो ।

**३.५ सार्वजनिक सुनुवाईको कार्यक्रमको लागि सूचना सम्प्रेषण, प्रचार-प्रसार र पत्राचार :** राप्ती सोनारी गाउँपालिकाको दोस्रो सार्वजनिक सुनुवाई हुने सम्बन्धमा राप्ती सोनारी गाउँपालिकाका आमसर्वसाधरण नागरिक, संचार जगत लगायत सरोकारवाला निकायहरुको व्यापक सहभागिताका लागि कार्यक्रम आयोजना हुने मिति, स्थान र समयको बारेमा पत्राचार, सार्वजनिक स्थलमा सूचना टाँस, निमण्त्रणा पत्र, पत्राचार एवं सार्वजनिक अनलाईन माध्यामबाट

कार्यक्रमको आयोजना हुनु ७ (सात) दिन अगावै संस्थाका कर्मचारी एवं स्वयंसेवकहरुबाट व्यापक मात्रामा प्रचार-प्रसार गरिएको थियो । विशेष गरी वडा, पालिका र आयोजक संस्थाको तर्फबाट सहभागिताका लागि सबैलाई सूचना र आमन्त्रण गरिएको थियो । यसका साथै सामाजिक संजालको माध्यामबाट समेत सबैलाई जानकारी गराईएको थियो ।

**३.५ सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना :** राप्ती सोनारी गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम राप्ती सोनारी गाउँपालिकाको वडा नं.०१ को सभाहलमा मिति २०८२ साल बैशाख २४, गतेका दिन दिउँसो २:३० बजे देखि प्रमुख जवाफदेही वक्ता राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेलज्यूको अध्यक्षतामा भएको थियो जसमा अन्य जवाफदेही वक्तामा, उपाध्यक्ष श्री मनीषा सिंह थारु, प्रमुख प्रशासकीय अधिकृत श्री दान बहादुर ऐडी, वडा नं.०१ का वडा अध्यक्ष श्री याम बहादुर खडका, वडा नं.०८ का अध्यक्ष श्री सालिकराम डाङ्गी, कार्यपालिका सदस्य श्री केशवराज दमाई, कार्यपालिका सदस्य श्री थान बहादुर वि.क., कार्यपालिका सदस्य श्री यमकुमारी वली, लेखा अधिकृत श्री गौरब कुमार लामिछाने, स्टोश शाखाका श्री रोशन कुमार वली, श्री लोकेन्द्र चन्द, शिक्षा, युवा तथा खेलकूद विकाश शाखाका श्री राममणी बस्नेत, इन्जिनियर यथेष्ठ पुनमगर, पशु सेवा शाखा ना.प्रा.स. श्री रेश्मा चौधरी, स्वास्थ्य शाखा प्रमुख श्री देवेन्द्र कुमार के.सी., आ.ले.प.शाखा प्रमुख श्री सागर आचार्य, प्रशासकीय अधिकृत श्री राजेश बोहरा, सहायक स्तर पाँचौं लाल बहादुर बुढा, स.क.अधिकृत राज तिलक थापा, रोजगार संयोजक श्री माधव कुमार डाङ्गी लगायतको उपस्थितिमा महत्वपूर्ण सवाल र बिषयहरुमा जवाफदेही निकायका पदाधिकारी तथा सेवाग्राही नागरिकहरु बीच आमुन्ने सामुन्ने वसी खुल्ला छलफल, बहस, रचनात्मक सुझाव र प्रश्न एवं जिज्ञासाहरुमा सार्वजनिक सुनुवाईको कार्यक्रम सम्पन्न गरिएको थियो ।

यस सार्वजनिक दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिक एवं सरोकारवालाहरुले पालिकाका जवाफदेही पदाधिकारीहरु समक्ष निर्धक्कका साथ राप्ती सोनारी गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयले प्रवाहगर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियता विषयमा सवाल/प्रश्न, जिज्ञासा र सल्लाह सुझावहरु दिएका थिए भने जवाफदेही पदाधिकारीहरुबाट प्रश्न, जिज्ञासा र सवालहरुको जवाफ एवं सुधार गर्नुपर्ने विषयमा नीतिगत सुधार सहितको ५ (पाँच) बुँदे प्रतिवद्धता समेत जाहेर गरिएको थियो ।

## ४. सुनुवाई गरिएका विषयवस्तुहरु :-

- गाउँपालिका, वडा तथा विषयगत शाखा कार्यालयले प्रवाह गर्ने सेवा सुबिधा सम्बन्धमा ।
- गाउँ कार्यपालिका कार्यालयको पारर्दशिता सम्बन्धमा ।
- वडा कार्यालयले प्रथम  चौमासिक भित्र संचालन गरेको योजना तथा प्रगति सम्बन्धमा।
- गुनासो संकलन र ब्यवस्थापन सम्बन्धमा ।
- नागरिक वडापत्रको प्रभाबकारिता सम्बन्धमा ।
- लक्षित वर्गको कार्यक्रम सम्बन्धमा ।
- सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा ।
- विकास निमार्णको गुणस्तरियता सम्बन्धमा ।

**५. कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :** सार्वजनिक सुनुवाई कार्यक्रम राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०८० बमोजिम संचालन गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ साल बैशमख २४ गते दिउँसो २:३० बजेदेखि ४:३० बजे सम्म जम्मा २ घण्टा सम्म चलेको थियो ।

:

## ६. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न/सुझाव/जिज्ञासा र जवाफदेहि पदाधिकारीहरुको उत्तर

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो /सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | श्री रुद्रमणी ढकाल राप्ती सोनारी वडा नं.१ बैरिया | १.प्रथम सार्वजनिक सुनुवाईमा भएका प्रतिवद्धताहरुको कार्यान्वयनको अवस्था के छ ?? जानकारी गराउनु पर्ने | श्री मनीषा सिंह थारु (गाउँपालिका उपाध्यक्ष) | ○ धेरै जसो प्रतिवद्धताहरु पुरा भई सकेका छन् भने केही कार्यान्वयनको चरणमा रहेका छन् |
| | | २. राप्ती सोनारी वडा नं.१ को राप्ती नदी पारिका भूमिहीन सुकुम्वासीको जग्गाधनी पुर्जा वितरण गर्ने कार्यको अवस्था के छ ?? | श्री दान बहादुर ऐडी (प्रमुख प्रशासकीय अधिकृत) | ○ सरकारको फेरबदलका कारणले गर्दा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गाधनी पुर्जा/लालपूर्जा वितरण गर्ने काममा केही ढिलाई हुन गएको हो । अब चाँडै नै यो काम हुन्छ । वडा नं.३, ४ र ७ मा काम शुरुवात भई सकेको छ । |
| | | ३.यस पालिकामा बाँके राष्ट्रिय निकुञ्जका कारणबाट हुने मानव बन्यजन्तुको द्वन्द्ध न्यूनिकरण तर्फ पालिकाको के सोच रहेको छ ?? बाघका कारणले मानवीय क्षती भई रहेको छ र के रु.१० लाखमा मानव जिवन साट्न सकिन्छ ?? | श्री दान बहादुर ऐडी (प्रमुख प्रशासकीय अधिकृत) | ○ बाँके राष्ट्रिय निकुञ्जको कार्यालयसँग यसको दिगो रुपमा व्यवस्थापनका लागि निरन्तर रुपमा सम्पर्क, समन्वय र संवाद भई रहेको छ । |
| | | ४. विद्यालयहरुमा रहेको अपुग दरबन्दी व्यवस्थापन र मर्जको प्रक्रिया के छ ?? | श्री राममणी बस्नेत (शिक्षा युवा तथा खेलकूद शाखा) | ○ आधारभूत तहमा प्रयाप्त दरबन्दी रहेको छ । मा.वि. तहमा विषयगत शिक्षकको अभाव रहेको छ । ८ वटा विद्यालय गाउँ शिक्षा समितिबाट मर्ज गर्ने निर्णय भएको छ र कार्यपालिकाको बैठकबाट निर्णय हुन बाँकी रहेको छ । |
| | | ५.यस पालिकामा सामुदायिक विद्यालयको गुणस्तर एकदमै न्यून रहेको तथ्य नतीजाले देखाएको छ, त्यसको सुधारका लागि पालिकाले के गरिहेको छ ?? | श्री दान बहादुर ऐडी (प्रमुख प्रशासकीय अधिकृत)) | ○ पालिकाले गाउँ शिक्षा योजना सबै सरोकारवाला पक्षहरुसँगको सल्लाह, सुझाव र परामर्शमा निर्माण गरेको छ र यसले सुधारका लागि प्रस्ताव गरेको सिफारिस अनुसारको कार्य गरी शिक्षाको गुणस्तरमा सुधार ल्याईने छ । |
| | | ६. कृषिमा कृषकको लगानी किन धेरै राखिएको हो ?? यसबाटा साना तथा मझौला किसानले लाभ लिन नसक्ने अवस्था देखिन्छ । | श्री दान बहादुर ऐडी (प्रमुख प्रशासकीय अधिकृत) | ○ गाउँसभाले निर्णय गरेकोले कृषि अनुदान कम गर्न सकिने अवस्था नरहेको, कामको प्रकृति हेरी ५० देखि ७५ प्रतिशत सम्म अनुदान रहेको छ । |
| २ | श्री मोहनराज डाङ्गी राप्ती सोनारी वडा नं.१ भवानीयापुर | १. राप्ती सोनारी गाउँपालिकाको सबैभन्दा विकट र ठूलो भूगोल भएको वडा १ नं. हो र पालिकाले यस वडाको विकासका लागि वडागत सिलिङ्ग बाहेकको अन्य के काम गरिहेको छ ?? | श्री मनीषा सिंह थारु (गाउँपालिका उपाध्यक्ष) | ○ वडाको सिलिङ्ग बाहेक पनि यस वडाहरुमा काम भई रहेको छ पालिकाको तर्फबाट यस वडामा महिला लक्षित सिप विकास तालिम, सडक बोर्ड, तटबन्धन, सति भवानी मन्दिरको मर्मत संम्भार लगायतका कामहरु भई रहेका छन् । |
| | | २. धर्म परम्परा अनुसार गाईपालक किसान र छाडा चौपाया व्यवस्थापनका लागि प्रोत्साहन तथा अन्य कार्यक्रम के रहेको छ ? | श्री मनीषा सिंह थारु (गाउँपालिका उपाध्यक्ष) | ○ गाउँपालिकाको तर्फबाट पशुपालन किसानलाई थुप्रै अनुदान र प्रोत्साहनका कामहरु भई रहेका छन् र आगामी दिनमा पनि निरन्तरता दिईने छ । छाडा पशु चौपायाको संरक्षणका लागि वडा नं.०८ मा रहेको गौशालामा व्यवस्थापन गर्ने गरी पालिकाको तर्फबाट काम भएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | ३. वडामा भई रहेका कामहरु एकपक्षीय रुपमा मनोमानी ढंगले भई रहेका छन् । यसको रोकथामका लागि गाउँपालिकाले अनुगमन मुल्याङ्कन कसरी गरिरहेको छ ? | श्री मनीषा सिंह थारु (गाउँपालिका उपाध्यक्ष | ○ वडा स्तरीय योजनामा वडाको तर्फबाट र अन्यमा पालिको तर्फबाट मुल्याङ्कन अनुगमन हुने गर्दछ र यस वडाका ४७ घरधुरीको टिनको छाना लगाउने कामको अनुगमन मैले नै गरेको हो । यसमा सुधार गर्नुपर्ने कुराहरु मैले वडा अध्यक्षलाई भनि सकेको छु। |
| | | ४.वडाले संचालन गरको टिनका छाना सहयोग कार्यक्रम अर्न्तगत कसैले १० फुटा पाएको छ, कसैले १२ फुटा पाएको छ । एउटै योजनामा फरक किन भएको हो ? | श्री याम बहादुर खडका (वडा अध्यक्ष, राप्ती सोनारी वडा नं.१) | ○ टिनको छाना सहयोगका लागि रु.१८ लाख बजेट विनियोजन भएको थियो र जसमा ५० बण्डल टिन खरिद गर्नुपर्ने प्राविधिक स्टिमेट तयार भएको छ। जहाँसम्म केही परिवारलाई बाध्यात्मक हिसाबले १२ फुटा दिईएको हो । अरु सबैलाई बराबर हिसाबले टिन दिईएको छ। |
| | | ५. बोरिङ्ग जडान योजनामा दोहोरो तेहेरो काम किन भई रहेको छ ? पुरानो बोरिङ्ग भएको स्थानमा फेरी नयाँ जडान पुनः नयाँ काम भईरहेको र अझ त्यही स्थानमा खोलाबाट समेत पानी तान्ने पम्प समेत दिईएको छ किन होला ?? | | ○ गत बर्ष जडान भएका कम गहिराईका डिप बोरिङ्ग अहिले सुक्न थालेको र वडाको लगानी खेर जानसक्ने अवस्था आएको हुँदा प्राविधिक परिक्षण र स्टीमेट अनुसार थप गहिराईमा जानुपर्ने भएकोले सोही योजनामा काम भएको हो यसमा कुनै डुप्लिकेशन भएको छैन्। |
| ४. | श्री ईश्वरी चापागाई राप्ती सोनारी वडा नं.१ बैरिया | १. बैरिया देखि ईलाका प्रहरी कार्यालय कुसुम जानेबाटो किन पिच हुँदैन् ? | श्री याम बहादुर खडका (वडा अध्यक्ष, राप्ती सोनारी वडा नं.१) | ○ वडाको बजेट अभावका कारण हुन नसकेको हुँदा पालिकालाई पटक-पटक यो योजनाका लागि माग गरिएको छ। |
| | | २.यहाँका सुकुम्वासीको जग्गाको नापी र लालपूर्जा कहिले दिने हो ? | | ○ भूमि आयोगको कामलाई अगाडी बढाउने निर्णय भएको छ । वर्तमान् वन ऐन संशोधन नभएको कारण केही ढिलाई हुने देखिन्छ। ○ यस वडाको कुसुम बैरिया, सौरी, गाभर र सिक्टामा तत्काल नापीको कार्य अगाडी बढाईने छ। |
| | | ३. निकुञ्जबाट आउने जंगली जनावरको हानी नोक्शानी कम गर्न सो क्षेत्रमा किन तारबार हुँदैन् ? यसमा पालिकाको तर्फबाट के योजना रहेको छ ?? | | ○ वडाको बजेट अभावका कारण हुन नसकेकोले पालिकालाई योजनामा बजेट विनियोजनका लागि माग गरिएको छ। |
| ५. | श्री चिरिञ्जीवी के.सी. नेपाल रेडक्रस सोसाईटी कुसुम उपशाखा | १. ने.रा.सो.कुसुम उपशाखालाई गैर खाद्य सामग्री खरिदका रु.१ लाख बजेट विनियोजन भएको तर रु. ७६ हजार मात्रै निकासा भएको छ । बाँकी रकम कहिले निकासा हुन्छ ? | श्री गौरव कुमार लामिछाने (प्रमुख प्रशासकीय अधिकृत) | ○ यसको विषयमा पालिकामा एक पटक आउनु होला र के कारणले बाँकी रकम निकासा नभएको हो बुझेर प्रक्रिया अगाडी बढानईने छ। |
| | | २. प्राथमिक उपचार तालिम माग गरिएको तर हाल सम्म पालिकाले बजेट विनियोजन किन नगरेको ? | श्री दान बहादुर ऐडी (प्रमुख प्रशासकीय अधिकृत) | ○ यसको विषयमा बजेट विनियोजन नभएको हुँदा कार्यान्वयन नभएको हो आगामी वर्षको लागि फेरी एक पटक वडा र पालिकामा समन्वय राख्नुहोला। |
| | | ३.रेडक्रसमा तालिम हलको माग गरिएको थियो तर किन अहिले सम्म सो काम हुन सकिरहेको छैन् ? | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | श्री गिता चौधरी<br>राप्ती सोनारी वडा नं.१<br>अमुवा | १. महिला स्वास्थ्य स्वयंसेविकाको सुविधा किन थप नभएको ? | श्री मनीषा सिंह थारु<br>(गाउँपालिका उपाध्यक्ष | ○ महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पालिकाको तर्फबाट यातायात, संचार, बीमा लगायतका सुविधाहरु पालिकाले नियमित रुपमा दिंदै आएको छ । |
| | | २. अमुवा गाउँमा बाटो फडानी गरेको छौं त्यसमा कहिले ग्राभेल हुन्छ ?? | श्री याम बहादुर खडका<br>(वडा अध्यक्ष, राप्ती सोनारी वडा नं.१) | ○ अमुवा गाउँमा निर्माण गरेको बाटोमा स्थलगत अनुगमन गरी ग्राभेल गर्ने प्रतिवद्धता जाहेर गर्दछु । |

**७. सार्वजनिक सुनुवाई कार्यक्रममा उठाईएका मुख्य-मुख्य सवालहरु :** यस राप्ती सोनारी गाउँपालिकाको दोस्रो चौमासिक सुनुवाई कार्यक्रममा उपस्थित सहभागीहरुले भौतिक पूर्वाधार विकास अर्न्तगत सडक, पुल पुलेसा, भूमिहिन सुकुम्बासीको समस्या, कृषि, पशुपन्छी, मल, बिउँ, शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य, खानेपानी, लक्षित वर्ग उत्थान, विकास, सशक्तिकरण र रोजगारी सिर्जना, फोहोर मैला व्यवस्थापन, बाँके राष्ट्रिय निकुञ्ज एवं यसबाट सिर्जना भएको मानव बन्यजन्तु बीचको द्धन्द र सेवा प्रवाह लगायतका सर्न्दभमा उपस्थित नागरिकहरुले सुझाव, जिज्ञासा, प्रश्न तथा गुनासो राखेको थिए ।

**८. सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धताहरु र यसको सार्वजनिकरण :** सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुले उठाएका प्रमुख सवाल तथा विषयहरु दिएका सुझाव, गुनासो तथा सुनुवाई कार्यक्रममा सोधिएका प्रश्न तथा जवाफदेही पदाधिकारीहरुबाट जवाफको सुधारको ५ बुँदे साझा सार्वजनिक प्रतिवद्धता गरिएको थियो । पालिकाको तर्फबाट गरिएको प्रतिवद्धताहरुलाई सार्वजनिक संचारका माध्याम र पालिकाको वेबसाईटमा राखी सबै सरोकारवालाहरुलाई सार्वजनिक गरिएको थियो ।

**९. सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिती विवरण :** राप्ती सोनारी गाउँपालिकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) बाँकेको सहजीकरणमा सम्पन्न भएको प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाका जनप्रतिनिधिहरु, पूर्वजनप्रतिनिधिहरु, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि एवं प्रमुख, टोल विकास संस्थाका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, सामुदायिक वन उपभोगता समुह र सबै वडाका सरोकारवाला एवं नागरिकहरुको सहभागिता रहेको थियो । जुन देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | महिला | पुरुष | जम्मा | दलित | जनजाति | मधेशी/मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ९३ | ३९ | १३२ | ९ | ७१ | ० | ५२ |

**१०. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित जवाफदेही पदाधिकारीहरु :** मिति २०८२ साल बैशाख २४ गतेका दिन भएको कार्यक्रममा देहाय बमोजिमका जवाफदेही वक्ता/पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

| क्र.स. | नाम थर | कार्यालय, संस्था, समुहको नाम वा ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | राप्ती सोनारी गाउँपालिका | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | ,, ,, | उपाध्यक्ष | |
| ३ | श्री दान बहादुर ऐडी | ,, ,, | प्र.प्र.अ. | |
| ४ | श्री याम बहादुर खडका | राप्ती सोनारी वडा नं.०१ | वडा अध्यक्ष | |
| ५ | श्री सालीकराम डाँगी | राप्ती सोनारी वडा नं.०८ | वडा अध्यक्ष | |
| ६ | श्री यम कुमारी वली | राप्ती सोनारी वडा नं.०१ | कार्यपालिका सदस्य | |
| ७ | श्री केशवराज दमाई | राप्ती सोनारी वडा नं.०२ | कार्यपालिका सदस्य | |
| ८ | श्री केशवराज दमाई | राप्ती सोनारी वडा नं.०२ | कार्यपालिका सदस्य | |
| ९ | श्री थान बहादुर वि.क. | राप्ती सोनारी वडा नं.०१ | कार्यपालिका सदस्य | |
| १० | श्री गौरकुमार लामिछाने | राप्ती सोनारी गाउँपालिका | लेखा अधिकृत | |
| १० | श्री यथेष्ठ पुनमगर | राप्ती सोनारी गाउँपालिका | इन्जिनियर | |
| ११ | श्री राममणी बस्नेत | राप्ती सोनारी गाउँपालिका | प्रा.स. | |
| १२ | श्री देवेन्द्र कुमार के.सी. | राप्ती सोनारी गाउँपालिका,स्वास्थ्य शाखा | शाखा प्रमुख | |
| १३ | श्री माधव कुमार डाङ्गी | रोजगार सेवा केन्द्र/शाखा | रोजगार संयोजक | |
| १४ | श्री सागर आचार्य | राप्ती सोनारी गाउँपालिका,स्वास्थ्य शाखा | आ.ले.प.शाखा प्रमुख | |
| १५ | श्री राजेश बोहरा | राप्ती सोनारी गाउँपालिका | प्रशासकीय अधिकृत | |

| | | | | |
|---|---|---|---|---|
| १६ | श्री लालबहादुर बुढा | राप्ती सोनारी गाउँपालिका | सहायक स्तर पाँचौं | |
| १७ | श्री राजतिलक थापा | राप्ती सोनारी गाउँपालिका | स.क.अधिकृत | |
| १८ | श्री लोकेन्द्र चन्द | राप्ती सोनारी गाउँपालिका | स्वास्थ्य शाखा | |
| १९ | श्री रोशन कुमार वली | राप्ती सोनारी गाउँपालिका | स्टोर शाखा | |

**११. सार्वजनिक सुनुवाई कार्यक्रमको उपलब्धिहरु :** राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात देहायका उपलब्धिहरु हासिल भएको देखिन्छ ।

- राप्ती सोनारी गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुबाट गरिएका दोस्रो चौमासिकमा भएका काम र महत्वपूर्ण कार्यप्रगतिको बारेमा आमसर्वसाधारण नागरिकहरु लगायत सम्पूर्ण सरोकारवाला पक्षलाई जानकारी प्राप्त भएको छ र पालिकाले गरेका राम्रा कामहरुको बारेमा जनस्तरमा सकारात्मक सन्देश प्रवाह भएको छ ।
- राप्ती सोनारी गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयले प्रदान गर्ने सेवासुबिधाका एवं विकास निर्माण सम्बन्धी कार्यको गुनासो, समस्या, सवाल तथा धारणाहरु प्रमुख जिम्मेवार पदाधिकारीहरुलाई जानकारी प्राप्त भएको छ ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा आम सर्वसाधारण नागरिकहरुले साझा चौतारीको रुपमा उपयोग गर्दै पालिकाका जवाफदेही पदाधिकारीसँग बृहत एवं खुल्ला रुपमा आफ्नो प्रश्न, जिज्ञासा, सवाल र समस्याहरुको बारे छलफल र बहस गरेका थिए जसबाट पालिकाका जिम्मेवार पदाधिकारीहरुलाई सर्वसाधारण नागरिकका वास्तविक र महत्वपूर्ण समस्या तथा सवालहरुको पहिचान भई सो को समाधानका लागि प्रतिवद्धता सहित सुधारात्मक कामहरुको थालनी भएको छ ।
- समग्रमा पालिकाको सुशासन र सार्वजनिक जवाफदेहिता प्रवर्द्धनमा टेवा पुगेको छ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा सुबिधाको प्रभाबकारिता र विकास निर्माण कार्यको गुणस्तरीयताका बारेमा आम नागरिक एवं सरोकारवाला पक्षहरुबाट रचनात्मक पृष्टपोषण, सल्लाह तथा सुझावहरु प्राप्त भई पालिकाको तर्फबाट आगामी दिनमा सुधार गर्नुपर्ने कार्यहरुको योजना निर्माणमा महत्वपूर्ण सहयोग पुग्ने ।
- पालिका, वडा कार्यालय र विषयगत कार्यालयहरुले वहन गर्नुपर्ने सामाजिक एवं नागरिक उत्तरदायित्व र पालिकालाई जनमैत्री र शुसासनयुक्त पालिका बनाउन महत्वपूर्ण भूमिका खेल्ने ।
- गाउँपालिकाले सेवाग्राहीबाट आएका गुनासो, समस्या तथा प्रश्नहरुको सम्बोधन गर्न तत्कालीन र दीर्घकालिन रुपमा गर्नुपर्ने ५ (पाँच) बुंदे प्रतिवद्धताको घोषणा गरिएको छ ।

**१२. सुझाब तथा निष्कर्ष :** यस गाउँपालिकालाई सुशासनयुक्त, पारदर्शि र जनमैत्री पालिका बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो व्यवस्थापन, नागरिक वडा पत्र, स्थानीय न्यायिक समिति मार्फत साना प्रकारका विवादहरुको निरुपण, मेलमिलापकर्ताकहरुको क्षमता विकास, विकास निर्माण कार्यको गुणस्तरीयता कायम राख्न योजना स्थलमा सार्वजनिक सूचना पाटी, सार्वजनिक परिक्षण, पालिका स्तरीय मूल्याङ्कन तथा अनुगमन समितिबाट नियमित रुपमा अनुगमन मूल्याङ्कन लगायतका कार्य गरेको पाईन्छ, भने विकासको दृष्टिकोणले पछाडि परेको समुदायको सघन वस्ती रहेको क्षेत्र र विकट स्थानलाई पहिलो प्राथमिकता राखी विकास निर्माणको कार्य गरिरहेको छ ।

गाउँपालिकाको कार्यालयमा सबै विषयगत शाखाहरुको स्थापना र सोही शाखामार्फत क्षेत्राधिकार भित्रका कार्यहरुगर्न लागि जिम्मेवार र उत्तरदायी बनाईएको देखिन्छ । आगामी दिनमा पालिकाले प्रवाह गर्ने सेवासुविधाको प्रभावकारीता अभिबृद्धिगर्न र विकास निर्माणको कार्यलाई अझै गुणस्तीय, दीगो, व्यवस्थित, प्रतिफलयुक्त, जनमैत्री एवं पारदर्शी बनाउन देहाय बमोजिमको नीतिगत व्यवस्था एवं कार्यहरु गर्न आवश्यक देखिन्छ ।

१.सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाले चौमासिक अवधिमा नियमित रुपमा गर्नुपर्ने,

२.सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनुपर्ने,

३. कार्यक्रममा सबै वडाका जनप्रतिनिधिहरु र विषयगत शाखा प्रमुखहरुको अनिवार्य सहभागिता रहने गरी समन्वय गर्नुपर्ने,

४. सुझाव तथा गुनासो पेटिकामा आएका सुझाव तथा गुनासोहरुको समयमा नै सम्बोधन गरिनुपर्ने ।

५. विकट भूगोल र क्षेत्रको समुचीत विकासलाई दिनुपर्ने ।

६. लक्षित वर्गको उत्थान, विकास र सशक्तिकरणका लागि आवश्यक कार्य गर्नुपर्ने ।

८. युवा स्वरोजगार, मानवीय एवं सामाजिक पूँजी निर्माण र आर्थिक विकासमा उचीत ध्यान दिईनुपर्ने ।

## अनुसूची-१
## सार्वजनिक सुनुवाई कार्यक्रममा जारी गरिएको प्रतिवद्धताहरुः

### आ.व.२०८१/०८२ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धता

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५), सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा (३०) को उपदफा (१), यस गाउँपालिकाको “सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० र नेपालको प्रचलित कानून वमोजिमका कार्यहरु नियमित एवं व्यवस्थित तवरले सम्पादन गरी सामाजिक उत्तरदायित्व, जवाफदेहीता र पारदर्शिता अभिबृद्धि गरिने छ ।

२. बाँके राष्ट्रिय निकुञ्जका कारण जंगली जनावरबाट भई रहेको मानवीय एवं कृषि तथा पशुपन्छीको हानी नोक्सान तथा क्षती, राहत, उद्दार, घाइतेको उपचार, उचीत क्षतिपुर्ती, जनचेतना अभिबृद्धि, तारबार लगायत बढ्दो मानव बन्यजन्तु बीचको द्धन्द्ध न्यूनिकरण र निकुञ्जका कारणले प्रभावित परिवार तथा नागरिकहरुको दिर्घकालिन रुपमा समस्या समाधानका लागि बाँके राष्ट्रिय निकुञ्ज, प्रदेश र संघीय सरकारसँग आवश्यक पहल, समन्वय र सहकार्य गरिने छ ।

३. भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुले भोग चलन गर्दै आइरहेको जग्गाको नापनक्शा गरी जग्गा धनी प्रमाण पुर्जा (लालपुर्जा) वितरण गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण कार्यहरु प्राथमिकता साथ समयमानै सम्पन्न गरी लालपूर्जा वितरण गरिने छ ।

४. सादायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न शिक्षक दरबन्दी मिलान, विषयगत शिक्षकको व्यवस्थापन, मर्जिङ्ग, शैक्षिक पूर्वाधारहरुको निर्माण, विद्यालयमा सूचना प्रविधि र अन्य शैक्षिक सामग्रीहरुको व्यवस्थापन, मुल्याङ्कन तथा अनुगमन लगायतका कार्य गरिने छ । साथै राप्ती सोनारी गाउँपालिकाको **गाउँ शिक्षा योजना** बमोजिमको कार्यक्रम तर्जूमा गरी कार्यान्वयन गरिने छ ।

५. यस गाउँपालिकाको सबै भन्दा विकट रुपमा रुपमा रहेको वडा नं.०१ को राप्ती नदी पारिको बस्तीमा सडक, खानेपानी, विधुत, पुल र राप्ती नदी तथा अन्य खोलाहरुमा तटबन्धन लगायत विपद् व्यवस्थापनाका कार्यहरु प्रदेश र संघीय सरकारसँगको सहकार्यमा गरिने छ ।

.

| ................................ | ................................ | ................................ |
|---|---|---|
| नाम,थर : दानबहादुर ऐडी . | नाम : मनिषासिंह थारु | नाम : तप्तबहादुर पौडेल |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : गाउँपालिका उपाध्यक्ष | पद : गाउँपालिका अध्यक्ष |
| राप्ती सोनारी गाउँपालिका, बाँके | राप्ती सोनारी गाउँपालिका, बाँके | राप्ती सोनारी गाउँपालिका, बाँके |

## अनुसूची-२

## सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

## अनुसूची-३

**गाउँपालिकाले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयमा गरिएको**

**नागरिक प्रतिवेदन (Citizen Report Card) पत्रको नतिजा**

(सन्तुष्टि वा असन्तुष्टि जनाउने)

**अभिमत संकलन गरिएको संख्या : ५० जना**

**प्रश्नावली भाग-१**

राप्ती सोनारी गाउँपालिकाको **सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८०** को दफा (४८) को उपदफा (१) अनुसूची-१९ अनुसार सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउन नागरिक प्रतिवेदन पत्र संकलन गरिएको छ। नागरिक प्रतिवेदनपत्र समग्र ठाकुरबाबा नगरपालिका सबै वडाबाट जम्मा ५० जना बाट संकलन गरिएको छ।यी ५० जनाले सम्पूर्ण वडाबासीको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ।

| | |
|---|---|
| १ | **सेवाको सन्तुष्टि** |
| | १.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?<br>सन्तुष्ट (४०% ) ठीकै (४०% ) असन्तुष्ट (२०%)<br>१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?<br>सन्तुष्ट (४० %) ठीकै (५०% ) असन्तुष्ट (१० %) |
| २ | **सेवाको नियमितता** |
| | २.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?<br>सन्तुष्ट (५०%) ठीकै (५०%) असन्तुष्ट ( )<br>२.२ कार्यालय नियमिति रुपमा (पदाधिकारी र कर्मचारीको उपस्थिति,समय पालना, कार्यचुस्तता)संचालन भएको छ भन्ने कुरामा कत्तिको विश्यस्त हुनुहुन्छ ?<br>विश्वस्त (४० %) ठीकै (५०%) अविश्वस्त (१०%) थाह छैन ( ० )<br>२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?<br>तिरेको छैन (१००%) एकदमै कम ( ) धेरै तिरेको ( )<br>२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधा नगर्न औसत कति दिन लगाउने गरेको छ ?<br>१ दिन (५०%) २ दिन (३० %) धेरै दिन ( १०%) थाहा भएन (१०%) |
| ३ | **सेवा प्रतिको जनविश्वास** |
| | ३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?<br>विश्वस्त (७०%) ठीकै (२०%) अविश्वस्त (१०%) थाह छैन (०)<br>३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी तथा कत्तिको प्रचार गर्नु भएको छ ?<br>धेरै (१०% ) ठीकै ( ४०%) गरेको छैन (५०% )<br>३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाई विश्वास कतिको छ ?<br>धेरै (३०%) ठीकै (७०%) विश्वास छैन (०)<br>३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?<br>जानकारी छ (३०%) अलिअलि थाहा छ (२०%) थाहा भएन र छैन (५०%) |
| ४ | **सेुवाको गुणस्तर** |
| | ४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ?<br>सन्तुष्ट (३०%) कम सन्तुष्ट (३०% ) असन्तुष्ट (२०%) थाहा भएन (२०%)<br>४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनु भयो ?<br>आफै (७०%) गाउँका ठूलावडाको (१०%) मध्यस्तकर्ता (२०% )<br>४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?<br>१ पटक (२०%) २ पटक (४०%) सो भन्दा बढि (३०%) गएको छैन (१०%) |
| ५ | **सेवा सम्बन्धी जानकारी** |
| | ५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?<br>अति राम्रो (३०% ) ठीकै (४०% ) नराम्रो ( ३०%) |

| | |
|---|---|
| | ५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?<br>छ (१५%) आंशिक जानकारी छ (३०%) कुनै जानकारी छैन (५५% )<br>५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?<br>अति राम्रो (५०%) ठीकै (३०%) खासै राम्रो छैन (२०% ) थाहा छैन ( ० )<br>५.४ गाउँपालिका तहमा संचालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?<br>२० प्रतिशत जति (३०%) ५० प्रतिशत भन्दा माथि (१०%) थाहा छैन (६०%)<br>५.५ सभाबाट कानून बनाउँदा र कार्यपालिकामा नीति, नियम र निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व भएको छ ?<br>छ (२०%) ठीकै छ (३०%) प्रतिनिधित्व साह्रै कम छ (५०%) |
| ६ | **नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा** |
| | ६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन ?<br>धेरै (१०% ) कम (४०% गरेको छैन (५०% )<br>६.२ तपाईको विचारमा गाउँपालिका वा यसका सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?<br>धेरै (३०%) ठीकै (६०% ) अतिकम ( १०%)<br>६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?<br>धेरै भएको छ (३०%) ठीकै भएको छ (५०%) भएकै छैन (२०%) |

**नागरिक प्रतिवेदन पत्र**
**(Citizen Report Card)**
**प्रश्नावली भाग-२**

| | |
|---|---|
| १ | **सिफारिस सम्बन्धी** |
| | १.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?<br>पाएँ (८०%) ठीकै पाएँ (२०% ) स्पष्ट पाइँन ( ० )<br>१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकमदिनु पर्‍यो ?<br>दिएँ ( ० ) थोरै दिएँ ( ० ) मागिएन र दिइएन पनि (१००%)<br>१.३ त्यहाँ बाट दिने सिफारिस लिदाँ कसको सहयोग लिनु भयो ?<br>आफै (७०%) मध्यस्थकर्ता वा दलका कार्यकर्ता एकै मान्छे (२०%) नेता/ठूलाबडा (१० %)<br>१.४ राजस्व कोकसँग उठाउने गर्दछन ?<br>सबैसँग उठाउँछन (८०%) सिमित व्यक्तिसँग मात्र उठाउँछन ( ० ) आयको आधारमा उठाउँछन (२०%)<br>१.५ शूल्क, सेवा दस्तुर को-कससँग उठाउने गर्दछन ?<br>सेवाग्राहीसँग उठाउने गरेको छन (१००%) कुनै-कुनै सेवाग्राहीसँग उठाउने गरेका छन (०) |
| २ | **पूर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी** |
| | २.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?<br>राम्रो (३०%) ठीकै (५०%) खराब (२०%)<br>२.२ कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?<br>तुरुन्तै हुन्छ (३०%) पटक-पटक भनेपछि मात्रै हुन्छ (६०%) जति भनेपनि हुन्न (१०% )<br>२.३ तपाईको विचारमा गाउँपालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम के-कस्तो किसिमले गर्छ ?<br>नियमित र राम्रोसँग (३०%) ठीकै गर्छ (६०%) नियमित रुपमा गर्दैन (१०%)<br>२.४ तपाईको गाउँपालिकामा विकास निमार्णको स्थिति कस्तो छ ?<br>राम्रो (३०%) ठीकै (६०% ) खराव (१०%)<br>२.५ तपाईको पालिकामा संचालन गरेका आयोजनाहरु कत्तिका प्रभावकारी छन ?<br>प्रभावकारी छन् (४०%) ठीक छन् (५०%) प्रभावकारी छैनन (१०%)<br>२.६ स्थानीय सरकारमा आयोजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ?<br>सहज (३०% ) असहज (०) ठिकै (६०%) अप्ठयारो (१०% ) |

| | |
|---|---|
| | २.७ गाउँपालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ?<br>पर्दैन (१००% ) मागेरै लिन्छन (०) रकम नदिए अप्ठ्यारो पार्छन (०)<br>२.८ आयोजना संचालन गर्दा गाउँपालिकाबाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?<br>सजिलै पाइयो (७०%) कहिलेकाँही पाइयो (२०%) मागगर्दा पनि पाईएन (०)<br>२.९ गाउँपालिकामा विकास निमार्णका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?<br>सजिलै पाइन्छ (३०%) सोधेपछि पाइन्छ (५०% ) सोधे पनि पाइदैन (२०%)<br>२.१० गाउँपालिकाबाट आचार संहिता पालना भएको छ ?<br>पालना भएको छ (४०%) ठीकै पालना भएको छ (६०%) कत्तिपनि पालना भएको छैन (०)<br>२.११ आयोजना संचालनगर्दा गाउँपालिकाबाट कतिको सहयोग पाउनु भएको छ ?<br>धेरै सहयोग पाएको छु (२०%) ठीकै सहयोग पाएको छु (८०%) निरुत्साहित गरिन्छ (०) |
| ३ | **गाउँपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन** |
| | ३.१ आर्थिक श्रोत कस्तो छ ?<br>आवश्यक श्रोत उपलब्ध (४०% ) कम श्रोत उपलब्ध (३०%) अतिकम श्रोत उपलब्ध (३०%)<br>३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?<br>अति सरल (६०%) ठीकै (३०%) जटिल (१०%)<br>३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालन सीप कस्तो छ ?<br>आवश्यक सीप छ (१००%) आवश्यकता भन्दा कम छ (०) सीप निकै कम छ (०)<br>३.४ गाउँपालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो?<br>टाँसेको देखेको छु (०) कहिलेकाहीँ टाँसेको देखिन्छ (३०%) खै कतै देखिएन (२०% ) गा.पा.को वेवसाईट र फेसबुक पेजमा देखिन्छ (५०%)<br>३.५ कार्य सम्पन्नको आधारमा मूल्याङ्कन भएको छ कि छैन ?<br>छ (४०%) ठिकै मूल्याङ्कन हुने गरेको छ (५०% ) कहिले पनि भएको थाहा छैन (१०%)<br>३.६ कार्य संचालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?<br>सन्तुष्ट (३०%) ठीकै (५०%) कुनै जानकारी छैन (२०%) |
| ४ | **पारदर्शिता सम्वन्धी** |
| | ४.१ यस गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?<br>धेरै जानकारी पाएको छु (४०%) ठीकै जानकारी पाएको छु (३०%) कम जानकारी पाएको छु (३०%)<br>४.२ गाउँपालिकाले निमार्ण गरेका ऐन, नियम, नीति निर्णय, बजेट कार्यक्रम, कार्यप्रगती आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?<br>हुने गरेको छ (६०%) हुने गरेको छैन (१०%) जानकारी नै छैन (३०%)<br>४.३ सार्वजनिक हुने माध्यम के के हुन् ?<br>वेवसाइट (३०%) सूचना पाटी (३०%) पत्रपत्रिका र मिडिया (१०%) सार्वजनिक सुनुवाई (३०%)<br>४.४ गाउँपालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ ?<br>सहजै पाए (५०%) धेरै पटक भनेपछि पाए (३०%) पाइन (१०%) वास्ता नै गरिएन (१०%) |

**सेवाग्राही बहिर्गमन अभिमत**

**(Exit Poll)**

राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको विषयमा खजुरा गाउँपालिकाको आ.व.२०८१/०८२ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउनका सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) पनि अत्यन्त आवश्यक रहेको हुन्छ । सार्वजनिक सुनुवाईलाई अझ प्रभावकारी र अर्थपूर्ण बनाउने अभिप्रायले सेवाग्राही बहिर्गमन अभिमत संकलन गरिएको छ । बहिर्गमन अभिमत ५० जना सबै वडाका सेवाग्राहीबाट संकलन गरिएको थियो यस सम्पुर्ण पालिका वासीको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ ।

| सि.नं. | सेवाको नाम | स्व:मूल्यांकनको नतिजा | | |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा के-कस्तो छ ? | अति स्पष्ट (४०%) | ठीकै (६०%) | अस्पष्ट (०) |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ? | अति धेरै (८०%) | ठीकै (२०%) | थेरै (०) |
| ३ | तपाईले प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण (७०%) | ठीकै (३०%) | अभद्र/अमर्यादित (०) |
| ४ | सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क - दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरि दिए (६०%) | ठीकै (७०%) | अलमल हुने गरि अस्पष्ट सुचना दिए (०) |
| ५ | तपाईले राख्नु भएका समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (६५%) | ठीकै (३५% ) | समाधान दिन सकेनन् (०) |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो (छोटो) (६०% ) | ठीकै (४०%) | लामो (०) |

**७. कार्यालयको कुन-कुन पक्षहरु धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?**

- यसैगरी हामिले कार्यालयको कुन कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ? भनि प्रश्न सोधेका थियौ । जसमा राम्रा लागेका कुराहरु र सुधार गर्नुपर्ने विषयहरु यसप्रकार प्रस्तुत गरिएको छ ।

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| ○ पालिकाको सबै वडामा आधारभूत स्वास्थ्य सेवा विस्तार भएको छ ।<br>○ पालिकाले दीर्घकालिन/महत्वपूर्ण विषयहरुमा निर्णय लिंदा जनप्रतिनिधि, राजनीतिक दल र आम सरोकारवालाहरु बीचमा आवश्यक छलफल, संवाद, बैठक तथा अन्तरक्रियाको आयोजना गरी सबैको अपनत्व हुने गरी सकारात्मक समन्वय एवं सहमतिमा गर्ने गरेको छ ।<br>○ वडा कार्यालय तथा पालिकामा सेवाग्राहीलाई बस्ने व्यवस्था ठिकै छ ।<br>○ वडा तथा पालिकामा सेवाग्राहीलाई स्वच्छ खानेपानीको व्यवस्थापन रहेको छ ।<br>○ कार्यालयमा सूचना पाटी र गुनासो पेटिका राखिएको र सूचना पाटीमा वडा तथा पालिकाका सबै सूचनाहरु टाँस गरिएको छ ।<br>○ पालिका र वडा कार्यालयबाट धेरै जसो सेवाहरु अनलाइर्न माध्यमबाट गर्ने गरिएको छ ।<br>○ पालिकाले नियमित रुपमा सार्वजनिक सुनवाई, सामाजिक परिक्षण र नागरिक सन्तुष्टि सर्वेक्षण गरेको छ । नागरिकका सवाल, मुद्दा, समस्या, सुझाव, गुनासो, माग र पृष्टपोषणलाई समेटी पालिकाले वार्षिक नीति, कार्यक्रम, बजेट, सेवा प्रवाह र विकास निर्माणको कार्यलाई अगाडि बढाउने गरेको छ ।<br>○ पालिका, विषयगत शाखा र वडा कार्यालयहरुमा कार्यरत सबै कर्मचारी मिलनसार र सहयोगी छन् । | ○ बाल मैत्री गाउँपालिका तथा वडा कार्यालयले हुनु पर्ने ।<br>○ वडा कार्यालयहरुमा पष्प बाटिका वा बृक्षारोपण गरिनु पर्ने ।<br>○ सार्वजनिक स्थानहरुहरुमा पार्क निमार्ण गर्न आवश्यक बजेट व्यवस्थापन गरिनु पर्ने ।<br>○ उजुरी पेटिका व्यवस्थापनमा परेका उजरीहरुको सुनुवाई तथा सो सम्बन्धमा भएको अभिलेख राखिनुपर्ने ।<br>○ स्तनपान कक्षका लागि पालिकामा आवश्यक बजेट मार्फत यवस्थापन गरिदिनु पर्ने ।<br>○ विद्यालयहरुमा इसिडि कक्षमा पढने बावबालिकाहरुका लागि आराम कक्ष निमार्ण गरिनु पर्ने ।<br>○ सबै नागरिकहरुले देख्ने स्थानमा नागरिक वडा पत्र राख्नु पर्ने ।<br>○ दलित तथा जेष्ठ नागरिकहरुका लागि विशेष कार्यक्रम बनाउनु पर्ने ।<br>○ टोल विकास संस्थाको संस्थागत विकास, क्षमता विकास र प्रभावकारी परिचालनमा ध्यान दिईनु पर्ने ।<br>○ पालिका स्तरीय बस्तु स्थिति विवरण निमार्ण गरिनु पर्ने ।<br>○ सेवा प्रवाहमा फरक-फरक फाँट तथा कार्यालय बनाउनु पर्ने ।<br>○ बाल विवाह न्यूनिकरण र सिकलसेल एनिमिया रोगको रोकथाम तथा उपचारका लागि विशेष कार्यक्रम बनाउनु पर्ने ।<br>○ सहकारी संस्थाको नियमित अनुगमन, मुल्याङ्कन र |

- गाउँपालिकाले दीगो रुपमा प्रतिफल प्रदान गर्ने र स्थानीय स्तरमा रोजगारी सिर्जना हुने खालका बहुउद्देश्यीय सभा हल, शित भण्डार, फोहरमैला व्यवस्थापन, बसपार्क, शहिद पार्क, अन्तरपालिका तथा वडाहरुलाई जोडने सडक, पुलपुलेसा, नयाँ प्रशासनीक भवन र पर्यटकीय क्षेत्रको विकास गर्ने खालका ठुला आयोजनाहरुको निर्माण गरेको ।
- पालिकाले
- पालिकाले सुशासन, पारदर्शिता र जवाफदेहिता अभिबृद्धिका लागि आफ्नो वेभसाइटमा सबै सूचना तथा जानकारीहरु राखेको, नियमित रुपमा अध्यावधिक (Update) गरेको र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम समयमा नै गाउँ सभा बसी निर्माण गर्नुपर्ने आवश्यक ऐन, नियम, नीतिगत निर्णय लगायत कार्यहरु गरी कार्यान्वयनमा लिएको छ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ.व.२०७८/०८० मा प्रकाशित गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)को अन्तिम नतिजामा यस गाउँपालिकाले ७०.५० प्रतिशत अंक प्राप्त गरेको छ ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रकाशित गरेको **स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कनमा** यस गाउँपालिकाले बाँकेका सबै पालिका भन्दा धेरै अंक ६०.०१ प्रतिशत प्राप्त गरी यस वर्ष पालिकामा आउने केन्द्रीय अनुदानमा थप भएको छ । समानीकरण अनुदानमा रु.१७ करोड २१ लाख र स्थानीय बिभाज्य कोषबाट राजश्व बाँडफाँडको हिस्सा ०.००२५९६ सिफारिस गरेको छ ।
- चालु आ.व.का धेरै जसो आयोजनाहरु निर्माणको अन्तिम चरणमा रहेका छन् ।
- सबै सरोकारवालाहरुको सल्लाह, सुझाव र पृष्ठपोषणलाई समेटी गाउँ शिक्षा योजना निर्माण भएको ।

परिचालनमा उचीत ध्यान दिईनुपर्ने ।
- पालिकामा लै.स.सा.स डेक्स राखिनु पर्ने ।

**<u>पशु सेवा कार्यालय :</u>**
- पशुमा देखिने रोगहरुका बारेमा टोलहरुमा जनचेतना गराउनु पर्ने ।
- पशु सेवा कार्यालयले दिने सेवाहरुका बारेमा नागरिक वडा पत्रमा उल्लेख गरी राख्नु पर्ने ।
- पशु सेवा कार्यालयले दिने खोपहरु का बारेमा आम सर्वसाधारण लाई जानकारी गराउनु पर्ने ।
- अनुदान प्रदान गर्ने बेला टोल विकास समिति बाट गरिनु पर्ने ।

**<u>स्वास्थ्य सेवा कार्यालय :</u>**
- टोलहरुमा घुम्ति शिविरको आयोजना गरि स्वास्थ सेवाका बारेमा जनचेतना गरिनु पर्ने ।
- नागरिक वडा पत्र व्यवस्थापन गरिनु पर्ने ।
- स्वास्थ्य सेवा केन्द्रहरुको सामाजिक परिक्षण गरिनु पर्ने ।
- स्वास्थ्य स्य सेविका राहत कोष स्थापना गरिनु पर्ने ।
- स्वास्थ्य कार्यालयका भवन निमार्ण गरिनु पर्ने ।
- सरसफाइका निम्ति पानी तथा कार्यालयमा बत्तिको उचित व्यवस्थापन गरिनु पर्ने ।
- वडाहरुमा विरामी तथ्याक अनुसार निशुल्क औषधीको व्यवस्थापन गरिनु पर्ने ।
- शौचालय सफा राखिनु पर्ने ।

**<u>कृषि सेवा कार्यालय</u>** :
- दक्ष तथा प्राविधिक कर्मचारी थप री आवश्यक सेवाका बारेमा आमनागरिकलाई जानकारी गराईनु पर्ने ।
- कृषि सेवा केन्द्रहरुले प्रवाह गर्ने सेवाहरुको जानकारी बारेमा नागरिक वडा पत्रमा राखिनु पर्ने ।
- कृषि सेवा केन्द्रद्धार संम्भाव्यता अध्ययन गरी उन्नत जातका विउ विजन निःशुल्क रुपमा उपलब्ध गराउन पर्ने ।
- कृषि शाखामा सेवाग्राही बस्ने तथा पिउने पानीको उचित व्यवस्थापन गरिनु पर्ने ।
- कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणमा आवश्यक सहयोग गरिनुपर्ने ।

**<u>शिक्षा :</u>**
- शिक्षकहरुलाई तालिमको पुर्नताजगी तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनु पर्ने ।
- कक्षागत रुपमा शिक्षहरुले सुधारका योजना निमाार्ण गरी व्यवहारमा कार्यान्वय गरिनु पर्ने ।
- सरकारी विद्यालय अग्रेजी माध्यमबाट अध्ययन अध्यापन शुरु गरिनु पर्ने ।
- एक विद्यालय एक प्राविधिक शिक्षा लागु गरिनु पर्ने ।
- पालिकाले निर्माण गरेको गाउँ शिक्षा योजना अनुसार सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि आवश्यक बजेट विनियोजन गरिनु पर्ने ।
- विद्यालयमा रहेका जिर्ण टिनका छाना विस्तापनमा विशेष प्राथमिकता दिनुपर्ने ।

**अनुसूची-३**

**सार्वजनिक सुनवाईको समाचार प्रकाशन**

राप्ती सोनारी गाउँपालिकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) को सहजिकरणमा सम्पन्न भएको यस प्रथम सार्वजनिक सुनुवाई कार्यक्रमको समाचार न्यूज मानसरोवर कोहलपुर टुडे, बुलेट न्यूज अनलाईन दैनिक र मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको थियो ।

NEWS mansarovar

# राप्ती सोनारीले सम्पन्न गर्यो दोस्रो चौमासिक सार्वजनिक सुनुवाई

न्युज मानसरोवर

71 Shares



राप्ती सोनारी गाउँपालिकाको आयोजना तथा उत्पीडित सामुदायिक विकास केन्द्रको सहजीकरणमा दोस्रो चौमासिक सार्वजनिक सुनवाई कार्यक्रमको आयोजना गरिएको थियो ।



गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा विषयक दोस्रो चौमासिक सार्वजनिक सुनवाई राप्ती सोनारी गाउँपालिका वडा नं.१ मा १ सय ५० जनाको सहभागितामा उक्त सार्वजनिकसुनुवाई कार्यक्रम गरिएको हो।

कार्यक्रममा सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया सहज बनाउन इश्वरी चापागाईले आग्रह गरे । त्यसै गरी रुद्धमणी ढकालले विकास निमार्ण शुशासन जवाफदेहीता सुकुमबासी समस्या समाधान मध्यवर्ती क्षेत्रका समस्या बारे पश्न गरे ।



मोहन डागीले पालिका स्तरीय अनुगमन गर्नु पर्ने तथा वडाको बजेट र पालिकाको बजेट बाट वडा नं.१ को विकास बारे जिज्ञासा राखेका थिए । त्यसै गरी गिता चौधरी चिरञ्जीवी केसी लगाएतले कृषि पशु लगाएतका विषयमा प्रश्न र जिज्ञासा राखेका थिए ।

कार्यक्रममा जवाफदेही वक्ताका रुपमा राप्ती सोनारी गाउँपालिका उपाध्यक्ष मनिसा सिह चौधरी, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दान बहादुर ऐडी वडा अध्यक्षहरु ,पालिका स्तरीय स्वास्थ्य ,कृषि, पशु , रोजगार, योजना लेखा, शिक्षा लगाएतका प्रमुखहरुले जवाफ दिएका थिए । कार्यक्रममा ५ बुँदे प्रतिबद्धता समेत व्यक्त गरिएको थियो ।

२४ बैशाख २०८२, बुधबार प्रकाशित



कोहलपुर टुडे
नेपालको डिजिटल पत्रिका

# राप्तीसोनारीको दोस्रो चौमासिक सार्वजनिक सुनवाई

कोहलपुर टुडे  २०८२ वैशाख २४ गते बुधवार

19 Shares



**कोहलपुर ।** राप्ती सोनारी गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनवाई सम्पन्न गरेको छ ।

राप्ती सोनारी गाउँपालिकाको आयोजना तथा उत्पीडित सामुदायिक विकास केन्द्रको सहजीकरणमा दोस्रो चौमासिक सार्वजनिक सुनवाई कार्यक्रमको आयोजना गरिएको थियो ।

टायल, मार्बल, धाराका सामानहरु, ट्वाईलेट बाथरुम फिटिङ्ग, किचेनका फिटिङ्गहरु पाईनुका साथै टायल –मार्बल सम्बन्धी सम्पूर्ण सामानहरु थोक तथा फुट्कर बिक्रेता

गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा विषयक दोस्रो चौमासिक सार्वजनिक सुनवाई राप्ती सोनारी गाउँपालिका वडा नं.१ मा १ सय ५० जनाको सहभागितामा उक्त सार्वजनिकसुनुवाई कार्यक्रम गरिएको हो।



कार्यक्रममा सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया सहज बनाउन इश्वरी चापागाईले आग्रह गरे । त्यसै गरी रुद्धमणी ढकालले विकास निमार्ण शुशासन जवाफदेहीता सुकुमबासी समस्या समाधान मध्यवर्ती क्षेत्रका समस्या बारे पश्न गरे ।

मोहन डागीले पालिका स्तरीय अनुगमन गर्नु पर्ने तथा वडाको बजेट र पालिकाको बजेट बाट वडा नं.१ को विकास बारे जिज्ञासा राखेका थिए ।

त्यसै गरी गिता चौधरी चिरञ्जीवी केसी लगाएतले कृषि पशु लगाएतका विषयमा प्रश्न र जिज्ञासा राखेका थिए । कार्यक्रममा जवाफदेही वक्ताका रुपमा राप्ती सोनारी गाउँपालिका उपाध्यक्ष मनिसा सिह चौधरी, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दान बहादुर ऐडी वडा अध्यक्षहरु, पालिका स्तरीय स्वास्थ्य ,कृषि, पशु , रोजगार, योजना लेखा, शिक्षा लगाएतका प्रमुखहरुले जवाफ दिएका थिए । कार्यक्रममा ५ बुदे प्रतिवद्धता समेत व्यक्त गरिएको थियो ।



प्रकाशित मिति : २०८२ वैशाख २४ गते बुधवार

शिक्षा, पर्यटन र विकासको सम्वाहक
बुलेट न्युज डट कम

Light Dark

Radio

FLASH NEWS वना ४ राप्ती सोनारि

# राप्तिसोनारी गाउँपालिकामा दोस्रो चौमासिक सार्वजनिक सुनवाई सम्पन्न

बुलेट समाचार २०८२ बैशाख २४, बुधबार

12 Shares





**राप्तिसोनारी:** राप्तिसोनारी गाउँपालिकामा दोस्रो चौमासिक सार्वजनिक सुनवाई सम्पन्न भएको छ । राप्तीसोनारी गाउँपालिकाको आयोजना तथा उत्पीडित सामुदायिक विकास केन्द्र (ओसिडिसि) बाँकेको सहजीकरणमा दोस्रो चौमासिक सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न भएको हो । गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा विषयक दोस्रो चौमासिक सार्वजनिक सुनवाई कार्यक्रम राप्तीसोनारी गाउँपालिका वडा नं १ कुसुममा १ सय ५० जनाको सहभागितामा सम्पन्न भएको जनाईएको छ ।




कार्यक्रममा सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया सहज बनाउन इश्वरी चापागाईले आग्रह गरे । त्यसै गरी रुद्रमणी ढकालले विकास निर्माण शुशासन जवाफदेहीता सुकुम्बासी समस्या समाधान मध्यवर्ती क्षेत्रका समस्याबारे पश्न गरेका थिए । सो अवसरमा मोहन डाँगीले पालिका स्तरिय अनुगमन हुनुपर्ने तथा वडाको बजेट र पालिकाको बजेटबाट वडा नं १ को विकासबारे जिज्ञासा राखेका थिए । त्यसै गरी गिता चौधरी चिरञ्जीवी के.सि. लगाएतले कृषि, पशुपालन लगाएतका विषयमा प्रश्न र जिज्ञासा राखेका थिए ।




कार्यक्रममा जवाफदेही वक्ताका रुपमा राप्ती सोनारी गाउँपालिका उपाध्यक्ष मनिसा सिंह चौधरी, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दान बहादुर ऐडी वडा अध्यक्षहरु ,पालिका स्तरीय स्वास्थ्य ,कृषि, पशु , रोजगार, योजना लेखा, शिक्षा लगाएतका प्रमुखहरुले जवाफ दिएका थिए । कार्यक्रममा ५ बुदे प्रतिवद्धता समेत व्यक्त गरिएको ओसिडिसि बाँकेका अध्यक्ष डिल वहादुर परियारले बुलेट न्युजलाई वताए ।

राष्ट्रिय 'क' वर्गको पत्रिका
www.missiontodaynews.com
'सूचनामा तपाईंसँगको साझेदारी'
# मिसन टुडे
नेपाल सम्वत् ११४५
वैशाख शुक्ल एकादशी
विश्व रेडक्रस दिवस
काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित
राष्ट्रिय दैनिक
वर्ष : १५, अंक ३१० पृष्ठ ८ | बिहीबार २५ वैशाख २०८२ (THURSDAY 8 MAY 2025) | मूल्य रु. १० | E-mail: missiontodaydaily@gmail.com | विज्ञापन र समाचारका लागि: ९८४८२६२०२

बढी बिक्ने, उत्
बनाउने ए
जानकारी को लागी 980172



# राप्ती सोनारीको सार्वजनिक सुनुवाइ सम्पन्न

मिसन संवाददाता
बाँके, २४ वैशाख

राप्ती सोनारी गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनवाइ सम्पन्न गरिएको छ। राप्ती सोनारी गाउँपालिकाको आयोजना तथा उत्पीडित सामुदायिक विकास केन्द्रको सहजीकरणमा दोस्रो चौमासिक सार्वजनिक सुनवाइ कार्यक्रमको आयोजना गरिएको थियो।

गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा विषयक दोस्रो चौमासिक सार्वजनिक सुनवाइ राप्ती सोनारी गाउँपालिका वडा नं.१ मा १ सय २५ जनाको सहभागितामा उक्त सार्वजनिक सुनवाइ कार्यक्रम गरिएको थियो।

कार्यक्रममा नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया, विकास निमार्ण सुशासन जवाफदेहीता, सुकुम्वासी समस्या समाधान, मध्यवर्ती क्षेत्रका समस्या तथा कृषि पशु लगायतका विषयमा स्थानीयहरूले प्रश्न र जिज्ञासा राखेका थिए।



कार्यक्रममा जवाफदेही वक्ताका रूपमा राप्ती सोनारी गाउँपालिका उपाध्यक्ष मनिसा सिंह चौधरी, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दानबहादुर ऐडी, वडा अध्यक्षहरू, पालिकास्तरीय स्वास्थ्य, कृषि, पशु, रोजगार, योजना लेखा, शिक्षा लगायतका प्रमुखहरूले जवाफ दिएका थिए। कार्यक्रममा ५ बुँदे प्रतिबद्धता समेत व्यक्त गरिएको थियो।

# बिहेमा दाइजोको सट्टा 'जीवनबीमा' उपहार



# अनुसूची-४

## सार्वजनिक सुनवाई कार्यक्रमको झलकहरु :












राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता विषयक
दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति : २०८२ वैशाख २४ गते
स्थान : राप्ती सोनारी-१, कुसुम (बाँके)
(OCDC-Banke) बाँके




दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम


दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम


राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता विषयक
दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति : २०८२ वैशाख २४ गते
स्थान : राप्ती सोनारी-१, कुसुम (बाँके)
आयोजक










राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता विषयक
दोस्रो चौमासिक सार्वजनिक सुनुवाई
मिति : २०८२ वैशाख २४ गते
स्थान : राप्ती सोनारी-१, कुसुम (बाँके)




दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम


राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता विषयक
दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति : २०८२ वैशाख २४ गते
स्थान : राप्ती सोनारी-१, कुसुम (बाँके)








दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

